गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८२/८३ को गाउँ कार्यपालिकाको बैठक
संख्याः..................................

- मितिः २०८३ जेठ ०८ गते शुक्रवार ।
- समयः विहान ११:०० बजे ।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पा ।

गंगादेव गाउँपालिका अध्यक्ष श्री हरि बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा तपसिल बमोजिमका बिषयहरुमा छलफल गरी तपशिल बमोजिमका निर्णयहरु गरीयो।

**उपस्थितिः**

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के.सी. | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री बिर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के.सी. | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ति वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ति | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सि कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के.सी. | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री याम बहादुर बुढा मगर | प्रमुख प्रशासकीय अधिकृत(सदस्य सचिव) | |

कर्मचारीहरुको उपस्थितिः

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तिलक केसी | सूचना प्रविधि अधिकृत | |
| २ | केश बहादुर खत्री | कार्यालय सहयोगी | |

प्रस्तावहरुः-

१ अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।
२ अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि प्रस्ताव/आशयपत्र पेश गर्ने सम्बन्धमा ।
३ सहजकर्ता तोक्ने सम्बन्धमा ।
४ गोटीखोला राङ्जीवाङ हुदै माडी वडा नं १ को सिमानासम्म मोटरबाटो ग्रावेल तथा मर्मत सम्बन्धमा।
५ वहुक्षेत्रीय पोषण कार्यक्रमको वडा छनौट सम्बन्धमा ।
६ कृषि उपज निकासी कर संकलन कार्यका लागि कर्मचारी खटाउने सम्बन्धमा ।
७ आर्थिक सहायता सम्बन्धमा ।
८ विविध सम्बन्धमा ।

निर्णयहरुः-

प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

प्रस्ताव नं. २ उपर छलफल गर्दा लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपालद्वारा मिति २०८३।०१।२५मा दोस्रो पटक प्रकाशित आशयपत्र आह्वानको सूचनानुसार आ.व. २०८३/०८४ देखि कार्यान्वयन गर्न अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपालमा प्रस्ताव/आशयपत्र पेश गर्ने र उक्त कार्यक्रमको लागि यस गंगादेव गाउँपालिका रोल्पाले कुल लागत अनुमानको २५% (पच्चीस प्रतिशत) रकम साझेदारी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ उपर छलफल गर्दा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि यस गंगादेव गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिलका कर्मचारीलाई सहजकर्ता तोक्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | टीकाराम डाँगी | सामाजिक परिचालक |
| २ | अनिता घर्ती | पोषण सहजकर्ता |

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गंगादेव गाउँपालिका वडा नं. १ मा पर्ने गोटीखोला राङ्जीवाङ हुदै माडी वडा नं १ को सिमानासम्मको मोटरबाटो ग्रावेल तथा मर्मत कार्यकोलागि गंगादेव गा.पा. को आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको सुखाओडार देखि ताप्ला तथा जायचौर देखि तिमिले हिले मोटर बाटो सफाई र झ्याम चाख्लेपातल हुँदै पातिहाल्न ओत तथा फारुला देखि म्वालेखोला मोटरबाटो सफाई शिर्षकबाट भुक्तानी हुनेगरि कुल ३ लाख ९० हजार को निर्माण कार्यकोलागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

याम बहादुर बुढामगर
प्रमुख प्रशासकीय अ

प्रस्ताव नं. ५ उपर छलफल गर्दा गंगादेव गाउँपालिकामा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि बुहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम आ.व. २०८२/०८३ का लागि कार्यक्रम संचालन गर्न तपसिलको वडा छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | कैफियत |
|---|---|---|
| १ | गंगादेव गाउँपालिका वडा नं. ६ राँक, रोल्पा | |

प्रस्ताव नं. ६ उपर छलफल गर्दा कृषि उपज निकासी कर संकलन कार्यकालागि गाउँपालिका भित्रका निकासी हुने विभिन्न सिमा नाकामा कर संकलन गर्न तपसिलको कर्मचारी/व्यक्तिलाई तोक्ने निर्णय गरियो ।

| क्र.सं. | कर संकलकको नाम | संकलन गर्ने सिमा नाका |
|---|---|---|
| १ | बुद्धिसिंह वली | वडा नं १ ओत नाका |
| २ | टोपेन्द्र वली | वडा नं ३ झ्याम नाका |
| ३ | एकराज केसी | वडा नं ३ पातिहाल्न नाका |
| ४ | पवन कुमार केसी | वडा नं ४ बसारेचौर नाका |

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गंगादेव गाउँपालिका वडा नं २ रमाई निवासी भरत भण्डारीको छोरी तुलसा भण्डारीको जन्मजात समस्याको कारण शरिरका मुटु, कलेजो र फोक्सो उल्टो भएको कारण जटिल समस्या देखिएको तथा उक्त परिवारको आर्थिक अवस्था एकदमै नाजुक रहेको हुँदा बिरामी तुलसा भण्डारीको उपचारकको लागि रु २५,०००/- (अक्षरुपी पच्चीस हजार रूपैया)आर्थिक सहायता दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय, घर्तिगाउँ रोल्पाको मिति २०८२/०९/२६ गतेको पत्रबाट प्रहरी कार्यालयको दैनिक संचालनमा रहेको ना १ झ १२९४ नम्बरको प्रहरी भ्यान मर्मत गरिएकोमा अपुग रकम भुक्तानीको लागि सहयोग माग भई आएकोमा उक्त इलाका प्रहरी कार्यालय, घर्तिगाउँ रोल्पालाई पेश गरेको बिल र अन्य आवश्यक कागजातको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

याम बहादुर बुढामगर
प्रमुख प्रशासकीय अधिकृत